# निक्षेप तथा कर्जा सुरक्षण कोष

# योगदानमा आधारित ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३

स्वीकृत मितिः २०८३/०२/२९

**प्रस्तावनाः**

उद्यमशीलताको विकास, उत्पादकत्व अभिवृद्धि, खाद्य सुरक्षा र रोजगारी सिर्जना मार्फत राष्ट्रिय अर्थतन्त्रको दीगो एवं उत्थानशील विकासमा योगदान पुऱ्याउने कृषि क्षेत्र [उत्पादन, प्रशोधन, बिक्री-वितरण लगायत कृषि क्षेत्रसँग सम्बन्धित समग्र मूल्य श्रृंखला (Agriculture Value Chain) सँग सम्बन्धित उद्यम, व्यवसाय तथा कृषि सहकारी] को वित्तीय पहुँच बढाउन मिश्रित वित्तीय लगानी अवधारणा (Blended Finance Approach) अनुरुप नवीनतम (Innovative) एवं प्रभावकारी जोखिम साझेदारी संयन्त्र (De-risking Mechanism) को स्थापना र संचालन गर्न आवश्यक रहेको तथ्यलाई दृष्टिगत गरी,

कोष, स्थानीय तह, अन्तर्राष्ट्रिय विकास साझेदार लगायतका सरोकारवालाहरुसँगको सह-लगानी तथा साझेदारीमा सम्भावित कर्जा जोखिम व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय असल अभ्यास अनुसारको न्यूनतम कर्जा जोखिम कोष पर्याप्तता अनुपात (Credit Risk Reserve Ratio/CRRR) कायम रहने गरी एउटा छुट्टै कोष (Ringfenced Fund) स्थापना गरी कृषि क्षेत्रमा कर्जा प्रवाहलाई थप प्रोत्साहित गर्ने उद्देश्यले,

कर्जा सुरक्षण नियमावली, २०७५ को नियम ३५ को उपनियम (४) ले दिएको अधिकार प्रयोग गरी निक्षेप तथा कर्जा सुरक्षण कोषले देहायको ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३ बनाई लागू गरेको छ ।

१. **योजनाको संक्षिप्त नाम र प्रारम्भः** (१) यस योजनाको नाम "योगदानमा आधारित ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३" रहेको छ ।

(२) यो योजना कोषको सञ्चालक समितिले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

(३) यो योजना प्रारम्भ भएको मितिले दुई वर्षसम्म काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका, जुम्लाको चन्दननाथ नगरपालिका, पातारासी गाँउपालिका र तातोपानी गाँउपालिका, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका, बाजुराको बुढीगंगा नगरपालिका, बुढीनन्दा नगरपालिका र त्रिवेणी नगरपालिका र कैलालीको धनगढी उपमहानगरपालिका भित्र नमूना परीक्षणको रुपमा लागू

गरिनेछ । तत्पश्चात कोषको सञ्चालक समितिले निर्णय गरे बमोजिमका थप क्षेत्रहरुमा विस्तार गरिनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस योजनामा,-

(क) "कर्जा" भन्नाले सदस्य संस्थाले प्रवाह गरेको दफा ५ बमोजिम सुरक्षण गरिएको कर्जा रकमलाई जनाउँछ ।

(ख) "कोष" भन्नाले निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोष सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले कर्जा सुरक्षण नियमावली, २०७५ सम्झनु पर्छ।

(घ) "योगदानकर्ता" भन्नाले दफा ३ बमोजिमको सुरक्षण योगदान कोषमा एकल वा साझेदारीमा रकम योगदान गर्ने साझेदार स्थानीय तह तथा अन्तर्राष्ट्रिय विकास साझेदार सम्झनु पर्छ ।

(ङ) "अन्तर्राष्ट्रिय विकास साझेदार" भन्नाले दफा ३ बमोजिमको सुरक्षण योगदान कोषमा योगदान साझेदारी गर्ने अन्तर्राष्ट्रिय निकाय सम्झनु पर्छ ।

(च) "सदस्य संस्था" भन्नाले कोषसँग यस योजना बमोजिम कर्जा सुरक्षण गर्न सम्झौता गर्ने इजाजतप्राप्त बैङ्क तथा वित्तीय संस्था सम्झनु पर्छ।

(छ) "समन्वय समिति" भन्नाले दफा १९ बमोजिम गठित समन्वय समिति सम्झनु पर्छ।

(ज) "साझेदार स्थानीय तह" भन्नाले दफा ३ बमोजिमको सुरक्षण योगदान कोषमा योगदान साझेदारी गर्ने स्थानीय तह सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले कोषको संचालक समिति सम्झनु पर्छ ।

(ञ) "सुरक्षण योगदान कोष" भन्नाले दफा ३ बमोजिमको कोष सम्झनु पर्छ।

(ट) "योजना" भन्नाले योगदानमा आधारित ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३ सम्झनु पर्छ ।

(ठ) "ऋणी" भन्नाले कोषको सदस्य संस्थाबाट कर्जा लिने प्राकृतिक वा कानूनी व्यक्ति सम्झनु पर्छ ।

**३. सुरक्षण योगदान कोषः** (१) यस योजना बमोजिमको सम्भावित कर्जा सुरक्षण जोखिम व्यवस्थापनका लागि तपशील बमोजिमको एक छुट्टै ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योगदान कोष स्थापना गरिनेछ ।

(क) निक्षेप तथा कर्जा सुरक्षण कोषको तर्फबाट अमेरिकी डलर ७,००,०००.०० बराबरको नेपाली रुपैयाँ,

(ख) कोषसँग उपदफा (३) बमोजिम सम्झौता गर्ने नौवटा साझेदार स्थानीय तहको प्रति स्थानीय तह रु. ५० लाखका दरले ४ करोड ५० लाख नेपाली रुपैयाँ, र

(ग) संयुक्त राष्ट्र संघीय पूँजी विकास कोष मार्फत प्राप्त हुने संयुक्त राष्ट्र संघ दिगो विकास लक्ष सम्बन्धि संयुक्त कोष (United Nations Joint SDG Fund) योगदान अमेरिकी डलर १०,००,०००.०० बराबरको नेपाली रुपैयाँ ।

(२) कुनै साझेदार स्थानीय तहले सम्झौतामा तोकिएको मिति भित्र उपदफा (१) को खण्ड (ख) को लगानी हिस्सा बमोजिमको रकम लगानी नगरेमा वा कम लगानी गरेमा त्यसरी कम हुन आउने रकम अन्य साझेदार स्थानीय तहले एकल वा सामूहिक रुपमा लगानी गर्न सक्नेछन् ।

(३) यसदफा बमोजिम कोषसँग सुरक्षण योगदान साझेदारी गर्ने प्रत्येक योगदानकर्ताले अनुसूची - १ को ढाँचामा कोषसँग सम्झौता गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सम्झौताको अवधि सात वर्षको हुनेछ ।

तर कोष र साझेदार स्थानीय तहको सहमतिमा अवधि थप गर्न सकिनेछ।

(५) कोषले सुरक्षण योगदान साझेदारी कोषमा प्रत्येक योगदानकर्ताको लगानी साझेदारीको हिस्सा स्पष्ट खुलाई छुट्टाछुट्टै अभिलेख राख्नेछ ।

(६) कोषले सुरक्षण योगदान कोषको लगानीयोग्य रकमलाई कोषको लगानी विनियमावली बमोजिम लगानी गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिमको लगानीबाट आर्जित आम्दानी तथा दफा ८ बमोजिमको सुरक्षण शुल्क आम्दानीमा प्रचलित कानून बमोजिमको संस्थागत आयकर कट्टी गरी खुद आम्दानी सुरक्षण योगदान कोषमा पूँजीकरण गरिनेछ।

(८) सुरक्षण योगदान कोषबाट दाबी बापत सदस्य संस्थालाई भुक्तानी दिएको रकम दफा १८ को उपदफा (२) बमोजिम सदस्य संस्थाले कोषलाई फिर्ता गरेमा त्यस्तो रकमलाई पुनः सुरक्षण योगदान कोषमा जम्मा गरिनेछ ।

(९) सुरक्षण योगदान कोषको आय, व्ययको छुट्टै लेखा राखिनेछ ।

(१०) यस योजना बमोजिम सुरक्षण गरिने कर्जाको क्षतिपूर्ति दाबी भुक्तानी तथा दफा ९ बमोजिमको व्यवस्थापन शुल्क तथा कार्यसम्पादन शुल्क र यस कोषसंग सम्बन्धित अन्य प्रशासनिक खर्च भुक्तानी गर्ने प्रयोजन बाहेक सुरक्षण योगदान कोषको मौज्दात अन्य प्रयोजनमा खर्च गरिनेछैन ।

४. **साझेदार बैंक तथा वित्तीय संस्थाको छनौट र सम्झौताः** (१) यस योजनाको कार्यान्वयनको लागि नेपाल राष्ट्र बैंकबाट ईजाजतप्राप्त बैंक तथा वित्तीय संस्था मध्येबाट इच्छुक संस्थालाई साझेदार बैंकको रुपमा छनौट गरिनेछ।

(२) उपदफा (१) बमोजिम साझेदार बैंकको रुपमा छनौट भई कार्य गर्न इच्छुक बैंक तथा वित्तीय संस्थाले अनुसूची - २ को ढाँचामा निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन साथ देहायका कागजात संलग्न गर्नु पर्नेछ।

(क) निवेदक संस्थाको सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि,

(ख) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) नेपाल राष्ट्र बैंकबाट जारी ईजाजतपत्रको प्रमाणित प्रतिलिपि,

(घ) आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ङ) पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(च) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरणको प्रमाणित प्रतिलिपि,

(छ) नेपाल राष्ट्र बैंकले तोके बमोजिमको पूँजी कोष कायम रहेको र राष्ट्र बैंकबाट समस्याग्रस्त घोषणा नभएको सम्बन्धमा स्वघोषणा पत्र,

(ज) निवेदक संस्थाको अद्यावधिक कर्जा लगानी नीति वा विनियमावलीको प्रमाणित प्रतिलिपि,

(झ) निवेदकको तर्फबाट सम्झौतापत्रमा हस्ताक्षर गर्ने आधिकारिक प्रतिनिधिको अख्तियारी पत्र,

(ञ) निवेदक संस्थाको आधिकारिक प्रतिनिधिको परिचय पत्रको प्रतिलिपि,

(४) साझेदार बैंक तथा वित्तीय संस्थाको छनौटको आधार तथा मापदण्ड अनुसूची - ३ बमोजिम हुनेछ ।

(५) कोषले उपदफा (४) बमोजिमको आधार तथा मापदण्ड बमोजिम निवेदक बैंक तथा वित्तीय संस्थाको मुल्याङ्कन गरी उपयुक्त ठहर गरेको बैंक तथा वित्तीय संस्थासँग अनुसूची - ४ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

५. **सुरक्षण हुने कर्जा प्रवाहको क्षेत्र तथा प्रयोजनः** (१) यस योजना बमोजिम कोषले कृषिजन्य वस्तु तथा सेवाको उत्पादन, प्रसोधन, बिक्री, वितरण लगायत कृषिसँग सम्बन्धित समग्र मूल्य श्रृंखलासँग सम्बन्धित कुनै पनि उद्यम, व्यवसायमा आबद्ध साना किसान, साना किसानहरुको समूह, लघु उद्यम, घरेलु, साना तथा मझौला उद्यम र सहकारी संस्थाले सदस्य बैंक तथा वित्तीय संस्थाबाट लिने कृषि क्षेत्रसँग सम्बन्धित कर्जाको सुरक्षण गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि, दफा १ को उपदफा (३) मा उल्लेखित स्थानीय तहहरू भित्र आफ्नो मुख्य व्यवसायिक स्थल रहेका वा प्राथमिक कृषि गतिविधि सञ्चालन गरेका ऋणीहरू मात्र दफा ११ बमोजिमको आरक्षण तथा सीमाको अधीनमा रही कर्जा सुरक्षण सेवाका लागि योग्य हुनेछन्।

६. **सुरक्षण हुने कर्जा रकमको सीमाः** यस योजना बमोजिम सुरक्षण हुने कर्जा रकमको सीमा सदस्य संस्था र कोष बीचको सम्झौतामा तोकिए बमोजिम प्रति ऋणी न्यूनतम दुई लाख पचास हजार रुपैंया देखि अधिकतम तीन करोड रुपैंयासम्म हुनेछ ।

७. **कर्जा सुरक्षण लेख प्राप्त गर्न निवेदन दिनुपर्नेः** (१) यस योजना बमोजिम सदस्य संस्थाले कुनै कर्जा सुरक्षण गराउन चाहेमा त्यस्तो कर्जाको सुरक्षणको लागि कोषको सुरक्षणलेख प्राप्त गर्न अनुसूची - ५ बमोजिमको ढाँचामा कोष समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनसाथ देहायका कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ।

(क) प्रचलित नियामकीय व्यवस्था बमोजिमको ऋणीको ग्राहक पहिचान विवरण (केवाईसी विवरण),

(ख) ऋणीको कर्जा निवेदन तथा व्यवसाय प्रस्ताव,

(ग) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण, दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र (ऋणी प्राकृतिक व्यक्ति भएमा आवश्यक नहुने) र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र,

(घ) चल, अचल सम्पत्ति धितो लिने भए सोको विवरण,

(ङ) कर्जा मूल्याङ्कन प्रतिवेदन (क्रेडिट अप्राइजल रिपोर्ट),

(च) अचल सम्पत्ति धितो लिने भए स्वतन्त्र मुल्याङ्कनकर्ताले पेश गरेको धितो मूल्याङ्कन प्रतिवेदन,

(छ) जोखिम मूल्याङ्कन प्रतिवेदन (क्रेडिट अप्राइजल रिपोर्टमा समावेश नभएमा),

(ज) कर्जा सूचना विवरण (कर्जा सूचना केन्द्रको),

(झ) अन्य कागजात तथा विवरणहरु (स्थलगत भ्रमण प्रतिवेदन, वातावरणीय/सामाजिक स्क्रिनिङ्ग, लगायतका कोषले माग गरेका कागजात)

(३) उपदफा (२) मा उल्लिखित कागजात तथा विवरण अपूर्ण वा अस्पष्ट भएमा कोषले सदस्य संस्थासँग थप कागजात तथा विवरण माग गर्न सक्नेछ। यसरी थप कागजात तथा विवरण माग भएमा सदस्य संस्थाले सात कार्यदिन भित्रमा सो उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम कर्जा सुरक्षणलेख माग गरी निवेदन प्राप्त भएमा कोषले प्राप्त कागजातको अध्ययन तथा मुल्याङ्कनका साथै आवश्यकता अनुसार परियोजनाको स्थलगत वा गैरस्थलगत निरीक्षण एवं मूल्याङ्कन गरी सुरक्षण लेख जारी गर्न आवश्यक सम्पूर्ण कागजात पेश भएको मितिले १० कार्यदिन भित्र अनुसूची - ६ बमोजिमको ढाँचामा सुरक्षण लेख जारी गर्नेछ। सुरक्षण लेख जारी गर्न नसकिने भए सो को कारण सहितको जानकारी सदस्य संस्थालाई कागजात प्राप्त भएको १० कार्य दिन भित्र दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सुरक्षणलेख जारी गर्दा सदस्य संस्थाले प्रवाह गर्ने कर्जा मध्ये सत्तरी प्रतिशत कर्जामा कोषको सुरक्षण प्रत्याभूति कायम रहने गरी जारी गरिनेछ।

८. **सुरक्षण शुल्कः** (१) यस योजना बमोजिम सुरक्षण हुने कर्जाको वार्षिक सुरक्षण शुल्क कर्जाको बाँकी साँवा रकमको १.०% हुनेछ ।
(२) उपदफा (१) बमोजिमको सुरक्षण शुल्क कुल वार्षिक सुरक्षण शुल्कको एक चौथाइका दरले त्रैमासिक रुपमा त्रैमास समाप्त भएको दश कार्य दिनभित्र कर्जा प्रवाह गर्ने सदस्य संस्थाले कोषमा बुझाउनु पर्नेछ।

(३) सुरक्षण शुल्कको गणना गर्दा त्रैमासको अन्त्यमा फछ्यौंट हुन बाँकी सुरक्षणलेखको रकममा गणना गर्नु पर्नेछ।

(४) यस योजना बमोजिम सुरक्षणमा रहेको कर्जाको सुरक्षण शुल्क त्यस्तो कर्जाको दाबी मिति वा अन्तिम भुक्तानी मिति जुन पहिले हुन्छ सो मिति पश्चात बुझाउनु पर्ने छैन।

९. **व्यवस्थापन तथा कार्यसम्पादन शुल्कः** (१) कोषले दफा ३ को उपदफा (१) बमोजिमको सुरक्षण योगदान कोषको संचालन तथा व्यवस्थापन गरे वापत वार्षिक रुपमा सुरक्षण योगदान कोषको मौज्दातको एक प्रतिशत (१%) व्यवस्थापन शुल्क असूल गर्नेछ।

(२) कोषले कार्यसम्पादन शुल्कको रुपमा फछ्यौंट हुन बाँकी सुरक्षण लेखको रकमको सून्य दशमलव पाँच प्रतिशत (०.५%) ले हुन आउने रकम सुरक्षण योगदान कोषबाट असूल गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको शुल्क दफा १५ बमोजिम खर्च लेखिनेछ ।

१०. **न्यूनतम कर्जा जोखिम कोष पर्याप्तता अनुपात कायम राख्नु पर्नेः** कोषले दफा ७ को उपदफा (४) बमोजिम सुरक्षण लेख जारी गर्दा सुरक्षण योगदान कोषमा तत्काल कायम मौज्दातको पाँच गुणामा नबढ्ने गरी जारी गर्नेछ ।

११. **साझेदार स्थानीय तहको क्षेत्राधिकार भित्रका ऋणीलाई सुरक्षण सेवामा आरक्षण उपलब्ध हुनेः** कोषले यो योजना लागू भएको मितिले दुई वर्षसम्म साझेदार स्थानीय तहले दफा ३ बमोजिमको योगदान कोषमा योगदान गरेको रकमको १६ गुणासम्मको सुरक्षण लेख सम्बन्धित साझेदार स्थानीय तहको क्षेत्राधिकार भित्रका ऋणीका नामको कर्जाको सुरक्षणका लागि जारी हुने गरी सुरक्षण सेवामा आरक्षण उपलब्ध हुनेछ ।

१२. **कर्जाको विवरण पेश गर्नेः** (१) सदस्य संस्थाले यस योजना बमोजिम सुरक्षण हुने कर्जाको मासिक विवरण अनुसूची - ७ बमोजिमको ढाँचामा महिना समाप्त भएको दश कार्यदिन भित्र कोषमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरणमा कर्जाको विवरण खुलाउँदा नेपाल राष्ट्र बैंकको कर्जा वर्गीकरण सम्बन्धी प्रचलित व्यवस्था अनुसार खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको विवरणमा यस योजना अन्तर्गत प्रवाह भएको सम्पूर्ण कर्जा समावेश भएको हुनु पर्नेछ।

(४) कोषले सदस्य संस्थाबाट प्राप्त विवरणको आधारमा यस योजना बमोजिम सुरक्षित कर्जाको प्रगति प्रतिवेदन सुरक्षण योगदानकर्तालाई त्रैमासिक रुपमा अनुसूची - ८ बमोजिमको ढाँचामा उपलब्ध गराउनु पर्नेछ।

(५) कोषले यस सुरक्षण योजनाको प्रगति विवरण वार्षिक रूपमा आफ्नो वेबसाइटमा प्रकाशन गर्ने छ।

१३. **क्षतिपूर्ति दाबी भुक्तानीः** (१) यस योजना बमोजिम सुरक्षणमा रहेको कर्जा नेपाल राष्ट्र बैंकको कर्जा वर्गीकरण सम्बन्धी व्यवस्था अनुसार कमसल वर्गमा वर्गीकृत भएको र सो मितिले ३ महिनासम्म नियमित नभएको अवस्थामा सदस्य संस्थाले कोषमा क्षतिपूर्ति दाबी भुक्तानी माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दाबी गर्दा अनुसूची - ८ बमोजिमको ढाँचामा भुक्तानी दाबी पत्र सहित अनुसूची - ९ बमोजिमको विवरण कोषमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दाबी गर्दा सदस्य संस्थाले बाँकी साँवा बक्यौता को सत्तरी प्रतिशत दाबी गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको क्षतिपूर्ति माग दाबी रकम कोषले दाबी माग प्राप्त भएको मितिले तीस कार्यदिन भित्र एकै किस्तामा भुक्तानी गर्नेछ।

(५) सदस्य संस्थाले कोषबाट प्राप्त दाबी भुक्तानी रकमलाई सम्बन्धित ऋणीको कर्जा खातामा समायोजन नगरी कोष प्रतिको दायित्व सृजना हुने गरी छुट्टै खाता खोली लेखांकन गर्नु पर्नेछ।

(६) सदस्य संस्थाले यस दफा बमोजिम दाबी भुक्तानी प्राप्त गरेको कर्जा पूर्ण असूली नभएसम्म असुल हुन बाँकी अन्य कर्जा सरह असूली कार्य जारी राख्नु पर्नेछ ।

१४. **क्षतिपूर्ति दाबी भुक्तानी सम्बन्धी अन्य व्यवस्थाः** (१) सदस्य संस्थाले यस योजना बमोजिम सुरक्षित कर्जाको दाबी भुक्तानी माग गर्दा दाबी मितिमा उठाउन बाँकी साँवाको ७०% रकम मात्र कोषसँग दाबी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सदस्य संस्थाले क्षतिपूर्ति दाबी माग गर्दा दफा १३ बमोजिम दाबीयोग्य भएको मितिले ६महिना भित्र माग दाबी गरिसक्नु पर्नेछ।

(३) कोषले दाबी भुक्तानी दिईसकेका कर्जाको सदस्य संस्थाले नियमानुसार कर्जाको नविकरण, पुनः तालिकीकरण/पुनः संरचना गर्न बाधा पर्ने छैन।

१५. **सुरक्षण योगदान कोषबाट हुने खर्चको प्राथमिकताक्रम तथा अन्य आवश्यक विषयहरुः** (१) यस योजना बमोजिम सुरक्षण कोषको मौज्दात रकम खर्च गर्दा कोषमा तत्काल कायम मौज्दात मध्ये सर्वप्रथम कोषको आय मौज्दातबाट खर्च गर्दा नपुग भएको अवस्थामा मात्र योगदान मौज्दातबाट देहायको प्राथमिकता क्रममा भुक्तानी गरिनेछ ।

(क) संयुक्त राष्ट् संघीय पूँजी विकास कोष मार्फत प्राप्त हुने संयुक्त राष्ट्र संघ दिगो विकास लक्ष्य सम्बन्धि संयुक्त कोष (United Nations Joint SDG Fund) को योगदान (७०%) र साझेदार स्थानीय तहको योगदान (३०%)

(ख) निक्षेप तथा कर्जा सुरक्षण कोषको योगदान

(२) दफा ३ को उपदफा (४) बमोजिम सम्झौताको निर्धारित अवधी समाप्त भएपश्चात सुरक्षण योगदान कोषमा कुनै रकम मौज्दात रहेमा सर्वप्रथम त्यस्तो मौज्दात रकम मध्येबाट यस योजना अन्तर्गत सिर्जित दायित्वको भुक्तानी गरिनेछ । तत्पश्चात कुनै रकम बाँकी भएमा सो रकमलाई म्याद समाप्त नभएका सुरक्षण लेख वापतको सम्भावित दाबी भुक्तानीको लागि कोषको एकल कृषि कर्जा सम्भावित दायित्व कोष खडागरी सो कोषमा रकमान्तर गरिनेछ ।

(३) उपदफा (२) बमोजिम दायित्वको भुक्तानी र रकमान्तर भएपश्चात पनि योगदान कोषमा कुनै रकम मौज्दात रहेमा त्यस्तो मौज्दातलाई समन्वय समितिको निर्णय बमोजिम कोष मार्फत सञ्चालन हुने अन्य योजना तथा कार्यक्रमसँग सम्बन्धित सुरक्षण कोषमा रकमान्तर गरिनेछ ।

(४) उपदफा (३) बमोजिमको निर्णयमा कुनै साझेदार स्थानीय तह सहमत नभएमा सुरक्षण योगदान कोषमा तत्काल कायम मौज्दातबाट सम्बन्धित साझेदार स्थानीय तहको हक हिस्सा फिर्ता गर्न सकिनेछ । तर त्यसरी रकम फिर्ता गर्दा सम्बन्धित साझेदार स्थानीय तहले योगदान गरेको रकममा सोही स्थानीय तहमा गरिएको सुरक्षण दाबी भुक्तानी रकमको ३०% घटाई बाँकी रहेको योगदान रकम भन्दा बढी रकम फिर्ता हुने छैन ।

१६. **दाबी अस्वीकृत गर्न सक्नेः** (१) देहायको मध्ये कुनै एक अवस्था विद्यमान भएमा सदस्य संस्थाले पेश गरेको भुक्तानी दाबी कोषले अस्वीकृत गर्न सक्नेछ ।

(क) यस योजना बमोजिम भुक्तानी दाबीसँग सम्बन्धित कर्जाको सुरक्षण शुल्क नियमित रुपमा नबुझाएमा,

(ख) दफा १३ को उपदफा (१) बमोजिमको कर्जा दाबीयोग्य हुने अवधी अगावै दाबी पेश भएमा,

(ग) दफा १४ को उपदफा (२) मा निर्धारित अवधी पश्चात दाबी पेश भएमा,

(घ) भुक्तानी दाबीसाथ पेश गर्नुपर्ने कागजात पेश नगरेमा,

(ङ) कोषले माग गरेको कागजात तीस कार्य दिनभित्र पेश नगरेमा ।

(२)  कोषले दाबी अस्वीकृत गरेको जानकारी पाएको मितिले पैंतीस दिन भित्र सदस्य संस्थाले त्यसरी आफ्नो दाबी अस्वीकृत हुनु नपर्ने मनासिब कारण सहित पुनःदाबी गर्न सक्नेछ । उक्त अवधि पश्चात प्राप्त दाबी उपर कोषले कुनै कारबाही चलाउने छैन ।

१७. **निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेः** (१) कोषले यस योजना बमोजम सुरक्षणमा रहेको सदस्य संस्थाको कर्जाको विवरण यथार्थपरक रहे नरहेको यकिन गर्न सोसँग सम्बन्धित खाता र कागजात लगायतको विवरण समय समयमा माग गरी गैह्र स्थलगत सुपरीवेक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सुपरीवेक्षणबाट सुरक्षणमा रहेको कर्जाको यथार्थपरक चित्रण हुन नसकेमा कोषको प्रमुख कार्यकारी अधिकृतले कोषको अधिकृत स्तरको कर्मचारीलाई स्थलगत निरीक्षण तथा अनुगमनका लागि खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्थलगत निरीक्षण तथा अनुगमनका लागि खटाइएको पूर्व जानकारी कोषले सदस्य संस्थालाई दिनु पर्नेछ।

(४) यस दफा बमोजिम गरिएको निरीक्षण तथा अनुगमनको प्रतिवेदन सो कार्य समाप्त भएको सात कार्यदिन भित्र कोषको प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदनमा औंल्याइएका कैफियतको गाम्भिर्यताको आधारमा कोषको प्रमुख कार्यकारी अधिकृतले सदस्य संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।यस्तो निर्देशनको अर्धवार्षिक विवरण कोष संचालक समिति समक्ष पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको निर्देशन सम्बन्धित सदस्य संस्थाले पालना गर्नु पर्नेछ र त्यस्तो निर्देशन पालना नगर्ने सदस्य संस्थासँगको कर्जा सुरक्षण सम्झौता समितिले रद्द गर्न सक्नेछ ।

(७) प्रमुख कार्यकारी अधिकृतले यस दफा बमोजिम गरिएको निरीक्षण प्रतिवेदनको सारांश र सोको आधारमा सदस्य संस्थाहरूलाई दिइएका आवश्यक निर्देशनहरूको जानकारी दफा १९ बमोजिम गठन भएको समन्वय समितिको आगामी बैठकमा पेश गर्नुपर्नेछ ।

(८) यस दफा बमोजिमको निरीक्षण तथा सुपरीवेक्षण खर्च दफा १५ को व्यवस्था बमोजिम खर्च लेखिनेछ ।

१८. **दाबी भुक्तानी फिर्ता गर्नु पर्नेः** (१) कोषबाट दाबी भुक्तानी भएको कर्जा असुलीको लागि सदस्य संस्थाले प्रचलित कानून बमोजिम कारबाही सुचारु गर्नु पर्नेछ।

(२) कोषबाट दाबी भुक्तानी भएको कर्जा मध्ये आंशिक कर्जा असूल उपर भएमा असूल उपर भएको रकमको कोषले दाबी भुक्तानी दिँदा व्यहोरेको प्रतिशतले हुन आउने रकम र सम्पूर्ण कर्जा रकम असूल उपर भएमा दाबी भुक्तानी वापत प्राप्त भएको सम्पूर्ण रकम सदस्य संस्थाले असूली विवरण सहित त्रैमासिक रुपमा कोषलाई फिर्ता गर्नु पर्नेछ ।

(३) सुरक्षण योगदान कोषबाट भुक्तानी भई उपदफा (२) बमोजिम कोषमा प्राप्त दाबी भुक्तानी फिर्ता रकम सुरक्षण योगदान कोषमा नै पूँजीकरण गरिनेछ।

१९. **समन्वय समितिः** (१) यस योजनाको कार्यान्वयनमा आवश्यक सहजीकरण तथा समन्वय गर्न देहाय बमोजिम एक समन्वय समिति रहनेछः

(क) कोषको प्रमुख कार्यकारी अधिकृत - संयोजक

(ख) साझेदार स्थानीय तहको तर्फबाट एक/एक जना प्रतिनिधि गरी जम्मा ९ जना -सदस्य

(ग) संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम नेपाल कार्यालयले मनोनित गरेको प्रतिनिधि - सदस्य

(घ) कोषको कर्जा सुरक्षण विभागको विभागीय प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम मनोनित सदस्यको निर्णायक भूमिका नभै परामर्श दातृ भूमिका मात्र रहनेछ ।

(३) समन्वय समितिको बैठक संयोजकको अध्यक्षतामा निजले तोकेको स्थान, मिति र समयमा बस्नेछ । यस्तो बैठक अनलाइन विधिबाट समेत गर्न सकिनेछ ।

(४) समन्वय समितिको बैठकमा आवश्यकता अनुसार संयोजकले कोषको कर्मचारी तथा अन्य सम्बन्धित सरोकारवालाका प्रतिनिधिलाई आमन्त्रित गर्न सक्नेछ।

(५) समन्वय समितिको बैठक आवश्यकतानुसार बस्नेछ र आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

(६) समन्वय समितिको बैठक संयोजकको निर्देशन अनुसार सदस्य सचिवले बोलाउनेछ ।

(७) समन्वय समिति सम्बन्धि खर्च दफा १५ को व्यवस्था बमोजिम खर्च लेखिनेछ ।

२०. **समन्वय समितिको काम, कर्तव्य र अधिकारः** (१) समन्वय समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) सदस्य बैंक तथा वित्तीय संस्थालाई योजना लागू भएको क्षेत्रमा वार्षिक रुपमा प्रवाह हुने कर्जाको लक्ष्य निर्धारण गर्न सहयोग गर्ने,

(ख) योजना कार्यान्वयनका लागि रणनीतिक तथा अन्य आवश्यक विषयमा सम्बद्ध सरोकारवालाहरुलाई दिशा निर्देश गर्ने,

(ग) योजनामा अन्तरनिहित जोखिमको पहिचान तथा व्यवस्थापनका लागि सम्बद्ध सरोकारवालाहरुलाई आवश्यक मार्गदर्शन प्रदान गर्ने,

(घ) सुरक्षण योगदान कोषको परिचालन तथा व्यवस्थापनको नियमित अनुगमन गरी प्रभावकारी उपयोग तथा परिचालनलाई सुनिश्चित गर्न कोषलाई सुझाव दिने,

(ङ) सुरक्षण योगदान कोषको खारेजी तथा खारेजी हुँदाका बखत कायम मौज्दातको उपयोग सम्बन्धमा निर्णय गर्ने,

(च) सदस्य संस्थाको सम्झौताको निरन्तरता, नविकरण वा खारेजी सम्बन्धमा आवश्यक निर्णय लिन कोषको समितिमा सिफारिस गर्ने,

(छ) कोषले समन्वय समितिको बैठकमा पेश गर्न आवश्यक ठानेका अन्य विषयहरुमा छलफल गरी आवश्यक निर्णय तथा मार्गदर्शन गर्ने ।

(२) समन्वय समितिले बैठकमा पेश भएका कुनै पनि विषयवस्तुमा सर्वसम्मत निर्णय गरिनेछ ।

तर कुनै विषयमा सहमति कायम हुन नसकेमा, देहाय बमोजिमको प्रक्रिया अपनाइनेछः

(क) दफा १९(१) बमोजिम परामर्शदातृ भूमिकामा रहेका सदस्य बाहेकका, सुरक्षण योगदान कोषमा लगानी गर्ने साझेदारहरुबीच बहुमतको आधारमा सिफारिस गरिनेछ ।

(ख) खण्ड (क) बमोजिमको बहुमतको सिफारिसलाई निर्णयका लागि कोषको सञ्चालक समितिमा पेश गरिनेछ र सो सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

(३) दफा १५ को उपदफा (४) बमोजिम सुरक्षण योगदान कोषको मौज्दात कर्जा सुरक्षण कोषमा रकमान्तर भएको अवस्थामा समन्वय समिति स्वतः खारेज हुनेछ ।

२१. **सुरक्षण योगदान कोषको मौज्दात दावी भुक्तानी गर्न अपुग भएको अवस्थामा कोषको दायित्वः** दफा ३ बमोजिमको सुरक्षण योगदान कोषको मौज्दातले यस योजना बमोजिम सदस्य संस्थाको दाबी भुक्तानी गर्न अपुग भएमा कोषले कर्जा सुरक्षण कोषको मौज्दातबाट दाबी भुक्तानी गर्नेछ ।

२२. **कर्जा अपलेखनः** सदस्य संस्थाले कोषबाट दाबी भुक्तानी भएको कर्जाको सम्बन्धित स्थानीय तह र कोषको सहमति लिई प्रचलित कानून बमोजिम अपलेखन गर्न सक्नेछ।

२३. **कर्जाको विवरणको अभिलेख राख्नु पर्नेः** सदस्य संस्थाले कोषबाट दाबी भुक्तानी प्राप्त कर्जाको विवरण विद्युतीय प्रणालीमा सुरक्षित रुपमा अभिलेख राख्नु पर्नेछ।

२४. **योजनाको कार्यान्वयन तथा व्यवस्थापनः** (१) निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृत यस योजनाको समग्र कार्यान्वयन, अनुगमन तथा दिगोपना सुनिश्चित गर्ने जिम्मेवार पदाधिकारी हुनेछ ।

(२) कोषको कर्जा सुरक्षण विभागलाई परियोजना कार्यान्वयन इकाईको भूमिका हुनेछ ।

(३) यस योजनाको समग्र रणनीतिक मार्गदर्शन, निरीक्षण तथा मूल्यांकनको लागि प्रमुख कार्यकारीअधिकृत दफा १९ बमोजिमको समन्वय समितिप्रति जवाफदेही हुनेछ ।

२५. **प्रचलित कानून बमोजिम हुनेः** यस योजनामा उल्लेख भएका विषय यसै बमोजिम र यस योजनामा उल्लेख नभएका अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची -१

## (दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

## सम्झौता पत्रको ढाँचा

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम स्थापित एवं संचालित निक्षेप तथा कर्जा सुरक्षण कोष, ......................................... (यसपछि "कोष" भनिएको) र ........ प्रदेश ....... जिल्ला अन्तर्गतको ........ पालिका (यसपछि "साझेदार स्थानीय तह" भनिएको) बीच कोषको ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३ (यस पछि "सुरक्षण योजना" भनिएको) बमोजिम साझेदार स्थानीय तह समेतको क्षेत्राधिकार भित्रका उद्यमी, व्यवसायीले कोषको सदस्य बैंक तथा वित्तीय संस्थाबाट प्राप्त गर्ने कृषि कर्जाको जोखिम न्यूनीकरण तथा साझेदारीका लागि देहायका शर्तबन्देजहरुको अधिनमा रही योजनाको दफा ३ बमोजिम एउटा छुट्टै कर्जा सुरक्षण कोषको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा कोष र साझेदार स्थानीय तह बीच आपसमा मन्जुर भई यो सम्झौतापत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/ दियौं।

१. **ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योगदान कोषको स्थापनाः** साझेदार स्थानीय तह समेतको क्षेत्राधिकार भित्रका कृषि उद्यम, व्यवसायमा कर्जा प्रवाह प्रोत्साहित गर्न कोषको सुरक्षण योजनाको दफा ३ बमोजिम ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योगदान कोष नामको एउटा छुट्टै सुरक्षण योगदान कोष स्थापना र संचालन गर्न साझेदार स्थानीय तह मञ्जुर गर्दछ ।

**२. सुरक्षण योगदान कोषको सहलगानी तथा साझेदारी संरचनाः**

(१) बुँदा (१) बमोजिमको सुरक्षण योगदान कोषमा न्यूनतम रु. ३०,००,००,०००.०० (तीस करोड) लगानी हुने र उक्त लगानीमा सुरक्षण योजनाको दफा ३(१) बमोजिमको साझेदारी रहनेछ।

(२) यस साझेदारीमा प्रत्येक साझेदार स्थानीय तहको रु. ५० लाख लगानी हिस्सा रहनेछ ।

(३) साझेदार स्थानीय तहले आफ्नो लगानी हिस्सा बराबरको रकम यो सम्झौतामा हस्ताक्षर भएको मितिले १ महिना भित्र कोषमा जम्मा गर्नु पर्नेछ ।

(४) कोषले सुरक्षण योजना बमोजिम सुरक्षण योगदान कोषको संचालन गर्नेछ ।

(५) योगदानकर्ता र कोष बीचको आपसी सहमतिमा सह-लगानी तथा साझेदारी संरचनामा हेरफेर गर्न सकिनेछ ।

(६) सुरक्षण योजना बमोजिम कोषले जारी गरेको सुरक्षण लेख बमोजिमको दायित्व कायम रहेसम्म सुरक्षण योगदानकोष कायम रहनेछ ।

### ३. सम्झौताको प्रारम्भ, कायम रहने अवधी र समाप्तिः

(१) यो सम्झौता पक्षहरुले हस्ताक्षर गरेको मितिदेखि प्रारम्भ भई ७ वर्षसम्म बहाल रहनेछ ।

(२) कोष र साझेदार स्थानीय तहको आपसी सहमतिमा सम्झौता अवधी थप गर्न सकिनेछ ।

(३) सम्झौतामा उल्लिखित अवधि पश्चात यो सम्झौता स्वतः समाप्त हुनेछ ।

### ४. सम्झौताको समाप्ति पश्चात सुरक्षण योगदान कोषको मौज्दात रकमको समायोजन तथा बाँडफाँडः

(१) यो सम्झौतामा निर्धारित अवधी समाप्त भएपश्चात सुरक्षण योगदान कोषमा कुनै रकम मौज्दात रहेमा सर्वप्रथम त्यस्तो मौज्दात मध्येबाट यस योजना अन्तर्गत सिर्जित दायित्व भुक्तानी गरिनेछ । तत्पश्चात कुनै रकम बाँकी भएमा सो रकमध्येबाट म्याद समाप्त नभएका सुरक्षण लेख वापतको रकम सम्भावित दाबी भुक्तानीको लागि कोषको ऋणीगत (एकल) कृषि कर्जा सम्भावित दायित्व कोषमा रकमान्तर गरिनेछ ।

(२) उपबुँदा (१) बमोजिम रकमान्तर भएपश्चात पनि योगदान कोषमा कुनै रकम मौज्दात रहेमा त्यस्तो मौज्दातलाई समन्वय समितिको निर्णय बमोजिम कोष मार्फत सञ्चालन हुने अन्य योजना तथा कार्यक्रमसँग सम्बन्धित सुरक्षण कोषमा रकमान्तर गरिनेछ ।

(३) उपबुँदा (२) बमोजिमको निर्णयमा कुनै साझेदार स्थानीय तह सहमत नभएमा सुरक्षण योगदान कोषमा तत्काल कायम मौज्दातबाट सम्बन्धित साझेदार स्थानीय तहको हक हिस्सा फिर्ता गर्न सकिनेछ । तर त्यसरी रकम फिर्ता गर्दा सम्बन्धित साझेदार स्थानीय तहले योगदान गरेको योगदान रकममा सोही स्थानीय तहमा गरिएको सुरक्षण दाबी भुक्तानी रकमको ३०% घटाई बाँकी रहेको योगदान रकम भन्दा बढी रकम फिर्ता हुने छैन ।

### ५. कोषले पालना गर्नु पर्ने शर्तहरुः

(१) कर्जा सुरक्षण नियमावली, २०७५ तथा सो अन्तर्गत बनेका विनियम तथा कार्यविधिको अधिनमा रही ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३ बमोजिम योगदानकर्ताको क्षेत्राधिकार भित्रका उद्यम व्यवसायलाई कोषको सदस्यले प्रवाह गर्ने प्रति ऋणी रु. २ लाख ५० हजार देखि रु.३ करोडसम्मका कर्जाहरुको सुरक्षण गर्ने।

(२) यस योजनाको कार्यान्वयनको लागि सदस्य संस्थासँग सम्झौता गर्ने।

(३) सुरक्षण योजनाको अधिनमारही सदस्य संस्थालाई कर्जाको क्षतिपूर्ति दाबी भूक्तानी दिने।

(४) सदस्य संस्थाबाट प्रवाहित कर्जाको सुरक्षण तथा सुरक्षित कर्जाको क्षतिपूर्ति दाबी भूक्तानीलाई सरल, सहज एवं छिटोछरितो बनाउन प्रभावकारी प्रक्रिया तथा कार्यप्रणाली अनुसरण गर्ने।

(५) सुरक्षण योजनामा निर्धारण भए बमोजिमको दरमा व्यवस्थापन तथा कार्यसम्पादन शुल्क असूल गर्ने।

(६) सदस्य संस्थाले लगानी गरेको कर्जा असूली सम्बन्धमा प्रचलित कानूनले तोकेको प्रक्रिया पूरा गर्दा समेत कर्जा असुल उपर हुन नसकेमा सम्बन्धित सदस्य संस्थालाई कोषको अपलेखन सम्बन्धी प्रचलित व्यवस्था बमोजिम कर्जा अपलेखनका लागि स्वीकृत प्रदान गर्ने।

(७) सुरक्षण योगदान कोषमा रहेको लगानीयोग्य रकमलाई सुरक्षा र तरलता व्यवस्थापनको आधारमा कोषको लगानी सम्बन्धी प्रचलित व्यवस्था बमोजिम लगानी गर्ने ।

(८) सदस्य संस्था र ऋणीहरुको विवरण विद्युतीय प्रणालीमा सुरक्षित रुपमा राख्ने।

(९) साझेदार स्थानीय तहको परियोजनाको उद्देश्य कार्यान्वयनका लागि समन्वय समिति तथा सरोकारवालाहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने।

(१०) योजनासँग सम्बन्धित सुरक्षण योगदान कोषको आय व्ययको छुट्टै लेखा राख्ने।

(११) सदस्य संस्थाले पेश गरेको कर्जा सुरक्षण सम्बन्धी विवरणको सम्बन्धमा स्थलगत तथा गैरस्थलगत अनुगमन गर्ने।

(१२) कर्जा सुरक्षणको विवरण सहितको प्रगति प्रतिवेदन त्रैमासिक रुपमा साझेदार स्थानीय तहलाई उपलब्ध गराउने ।

**६. साझेदार स्थानीय तहले पालना गर्नु पर्ने शर्तहरुः**

(१) कोष र सुरक्षण योगदानकर्ता बीच सम्झौता बमोजिम रकम जम्मा गर्ने ।

(२) योजना कार्यान्वयनका लागि कोषलाई आवश्यक सहयोग, सहजीकरण तथा अनुगमन गर्ने प्रयोजनका लागि एक जना कर्मचारीलाई कार्यक्रम कार्यान्वयन अधिकृतको जिम्मेवारी तोकि कोषलाई जानकारी गराउने ।

(३) योजनासँग सम्बन्धित तालिम, सचेतनामुलक कार्यक्रम संचालन गर्न कोष तथा विकास साझेदार संस्थालाई आवश्यक सहयोग तथा सहजीकरण गर्ने ।

(४) कर्जा असुलीका लागि बैंक तथा वित्तिय संस्थालाई आवश्यक सहयोग गर्ने ।

(५) योजनासँग सम्बन्धित आवधिक कार्यक्रमहरुमा सहभागी हुने ।

(६) कर्जाको दुरुपयोग गर्ने ऋणीलाई आवश्यक कानुनी कारवाही गर्न कोषको सदस्य संस्थालाई सहयोग गर्ने ।

### ७. कोष र साझेदार स्थानीय तह दुवैले पक्षले पालना गर्नुपर्ने शर्तहरुः

(१) कुनै पक्षलाई सम्झौता रद्द गर्नुपर्ने विशेष अवस्था आएमा सम्झौदा रद्द गर्नु पर्ने आधार र कारण सहित सम्झौता रद्द हुने दिन भन्दा साठी दिन अगावै सम्झौता रद्द गर्न चाहेको पक्षले कार्यक्रम कार्यान्वयन सहजीकरण समितिको स्वीकृतिमा अर्को पक्षलाई लिखित रुपमा जानकारी गराई सम्झौता रद्द गर्न सक्नेछ।

(२) उपबुँदा (१) बमोजिम सम्झौता रद्द भएमा वा बुँदा ३ को उपबुँदा (१) मा उल्लेखित सम्झौताको अवधि समाप्त भएमा सो पश्चात कोषले स्थानीय तहको क्षेत्राधिकार भित्रका उद्यम, व्यवसायलाई सदस्य संस्थाबाट प्रवाह हुने कर्जाको सुरक्षण गर्ने छैन र साझेदार स्थानीय तहले पनि सुरक्षण योगदान कोषमा कुनै पनि रकम योगदान गर्ने छैन ।

(३) उपबुँदा (१) र (२) मा जुनसुकै कुरा उल्लेख भएको भए तापनि साझेदार स्थानीय तहको क्षेत्राधिकार भित्रका उद्यम, व्यवसायले लिने कर्जा बापत पहिलो पक्षले सुरक्षण प्रदान गरेका सम्पूर्ण कर्जाको सुरक्षण दायित्व पूर्ण रुपले चुक्ता नभएसम्म यस सम्झौता बमोजिम स्थापना हुने सुरक्षण योगदान कोष यथावत कायमै रहने छ ।

(४) यस सम्झौतामा उल्लेख भएका विषयहरु यसै सम्झौता बमोजिम र यसमा उल्लेख नभएका विषयहरुको हकमा सुरक्षण योजना तथा प्रचलित कानून बमोजिम हुनेछ ।

(५) कोषको आधिकारिक वेब पेज www.dcgf.gov.np मा प्रकाशित ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३ यस सम्झौताको अभिन्न अंग रहने सम्बन्धमा दुबै पक्ष मन्जूर गर्दछन् ।

| **कोषको तर्फबाट** | **............................को तर्फबाट** |
|---|---|
| दस्तखतः .............................. | दस्तखतः ............................... |
| नामः .................................. | नामः .................................... |
| दर्जाः .................................. | दर्जाः .................................... |
| छापः | छापः |
| **साक्षी** | **साक्षी** |
| दस्तखतः .............................. | दस्तखतः ............................... |
| नामः .................................. | नामः .................................... |
| दर्जाः .................................. | दर्जाः .................................... |
| ठेगानाः निक्षेप तथा कर्जा सुरक्षण कोष, ................. | ठेगानाः ................................ |

ईति संवत् २०.. साल ..........महिनाको ......... गते रोज् ............. शुभम्।

## अनुसूची - २

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

<u>सदस्य संस्थाको सदस्यताको लागि दिने निवेदनको ढाँचा</u>

पत्र सङ्ख्याः-                                                  मितिः

श्री प्रमुख कार्यकारी अधिकृतज्यू,
निक्षेप तथा कर्जा सुरक्षण कोष,
टंगाल, काठमाडौं ।

**विषयः ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३ को सदस्यता लिने सम्बन्धमा ।**

यस कोषको ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३ बमोजिम प्रवाह हुने कर्जाहरुको सुरक्षण गर्न बैंक इच्छुक भएको व्यहोरा जानकारी गराउदँछु । ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३ को दफा ४ को उपदफा (३) बमोजिमका कागजात सहित यो निवेदन पेश गरेको छु ।

**संस्थाको तर्फबाट अधिकारप्राप्त व्यक्तिकोः-**

दस्तखतः

नाम, थरः

पदः

निवेदक संस्थाको नाम, ठेगानाः

संस्थाको छाप

## अनुसूची - ३

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

<u>बैंक तथा वित्तीय संस्थाको छनौटको आधार र मापदण्ड</u>

(क) नेपाल राष्ट्रबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्था।

(ख) बैंक तथा वित्तीय संस्था संचालनमा आएको कम्तीमा पाँच वर्ष पुरा गरेको।

(ग) नेपाल राष्ट्र बैंकबाट तोकिएको न्यूनतम पूँजीकोष कायम गरेको।

(घ) खूद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तिमा २० प्रतिशत वा सो भन्दा बढी रहेको।

(ङ) कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पूँजी अनुपात वा कर्जा/निक्षेप अनुपात नेपाल राष्ट्र बैंकले समय-समयमा निर्धारण गरेको सीमा भित्र रहेको।

(च) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिम कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको। समस्याग्रस्त घोषणा भएकोमा सो फुकुवा भएको छ महिना अवधि पुरा भएको।

(छ) नेपाल सरकारको स्वामित्व रहेका बैंक बाहेकका अन्य बैंक तथा वित्तीय संस्थाको हकमा सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकृत भएको।

(ज) मापदण्ड तथा शर्त पूरा गरेको व्यहोराको स्वघोषणा सदस्यताको निवेदन साथ पेश गरेको।

(झ) प्रचलित नियमाकीय व्यवस्था बमोजिम वित्तीय परिसुचकहरु त्रैमासिक रुपमा प्रकाशित गरेको ।

(ञ) ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३ परीक्षणका लागि छनोट गरिएका काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका, जुम्लाको चन्दननाथ नगरपालिका, पातारासी गाँउपालिका र तातोपानी गाँउपालिका, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका, बाजुराको बुढीगंगा नगरपालिका, बुढीनन्दा नगरपालिका र त्रिवेणी नगरपालिका, र कैलालीको धनगढी उपमहानगरपालिका मध्ये न्यूनतम तीनवटा स्थानीय तहमा एक वा एकभन्दा बढी शाखा संचालनमा रहेको ।

(ट) सदस्य संस्था छनोटको सर्वाधिकार कोषमा सुरक्षित रहनेछ।

**अनुसूची - ४**

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

**<u>सम्झौतापत्र</u>**

लिखितम् निक्षेप तथा कर्जा सुरक्षण कोष, .............. (यसपछि "कोष" भनिएको) र ................................ लिमिटेड, ............. (यसपछि "सदस्य संस्था" भनिएको) बीच कर्जा सुरक्षण नियमावली, २०७५ (यसपछि "नियमावली" भनिएको) र ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३ (यसपछि "सुरक्षण योजना" भनिएको) तथा देहायको शर्तको अधीनमा रही सदस्य संस्थाले प्रदान गरेको सम्पूर्ण कर्जा समावेश हुने गरी कर्जा सुरक्षण गर्न गराउन दुवै पक्षको सहमति भएकोले सुरक्षण योजनाको व्यवस्था बमोजिम कोषको/सदस्य संस्थाको ......... कार्यालय, ........... मा बसी यो सम्झौता गरी एक एक प्रति लियौं/दियौं।

१. सदस्य संस्थाले सुरक्षण योजना बमोजिम प्रदान भएका सम्पूर्ण कर्जाको सुरक्षण वापत कोषलाई वार्षिक सुरक्षण शुल्क एक प्रतिशत त्रैमासिक रुपमा कोषमा बुझाउनु पर्नेछ।

२. सदस्य संस्थाले सुरक्षण योजना बमोजिमको कर्जा प्रदान गरी कोषमा सुरक्षण गराएकोमा सुरक्षण योजनाको दफा (१३) बमोजिम दाबी भुक्तानी पाउनेछ र त्यस्तो दाबी सम्बन्धमा सुरक्षण योजना बमोजिम कोषले माग गरेका कागजात तथा अन्य विवरणहरु कोषलाई उपलब्ध गराउनु पर्नेछ।

३. कोषले सुरक्षण योजनाले तोकेको व्यवसायमा प्रदान गरेको कर्जा बाहेक अन्य व्यवसायमा प्रदान गरेको कर्जाको सुरक्षण गर्ने छैन।

४. सुरक्षण योजना बमोजिम प्रवाह गरेको कर्जा सम्बन्धी खाता र सोसँग सम्बन्धित कागजातहरु कोषको कर्मचारी वा कोषले तोकेको कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न सक्नेछ।

५. नेपाल राष्ट्र बैंकको निर्देशिका, सदस्य संस्थाको कर्जा नीति साथै सुरक्षण योगदानकर्ताले निर्धारण गरेको कर्जासँग सम्बन्धित शर्त, वा प्रचलित कानून विपरित प्रदान गरिएको कर्जा असुल उपर नभएमा कोष उपर कुनै दाबी लाग्ने छैन।

६. सदस्य संस्थाले असुल उपर नभएको कर्जा कोषमा दाबी गर्दा वा सो सम्बन्धमा पत्राचार गर्दा वा विवरण वा अन्य कागजात दाखिला गर्दा त्यस्ता दाबी, पत्राचार, विवरण तथा कागजातमा सदस्य संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्तिले दस्तखत गर्नु पर्नेछ।

७. सुरक्षण योजना बमोजिम सुरक्षण हुने कर्जाको मासिक विवरण सुरक्षण योजनाको अनुसूची - ७ को ढाँचामा प्रचलित व्यवस्था बमोजिमको कर्जा वर्गीकरण (असल, सुक्ष्म नीगरानि, कमसल,

शंकास्पद र खराब) तथा जोखिम मूल्याङ्कन प्रतिवेदन बमोजिमको जोखिमस्तर (उच्च, मध्यम, न्यून) समेत उल्लेख गरी सदस्य संस्थाले कोषमा बुझाउनु पर्नेछ।

८. सदस्य संस्थाले सुरक्षण योजना बमोजिम प्रवाहित प्रत्येक कर्जाको छुट्टा छुट्टै वार्षिक जोखिम विश्लेषण गरी सोको प्रतिवेदन सम्बन्धित ऋणीको कर्जा फाईलमा अद्यावधिक गर्नुपर्नेछ।

९. सुरक्षण योजनामा कुनै संशोधन भए कोषले सदस्य संस्थालाई सोको जानकारी गराउनु पर्नेछ।

१०. यस सम्झौता बमोजिम कोषको दायित्व तथा सदस्य संस्थालाई प्राप्त हुने सुरक्षण हितसँग सम्बन्धित विषयहरु कोषको ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३ बमोजिम हुनेछ।

११. कोषले यस योजना बमोजिम गर्ने सुपरीवेक्षण तथा अनुगमन कार्यका लागि सदस्य संस्थाले कोषको सम्बन्धित कर्मचारीलाई आवश्यक सहयोग तथा सहजीकरण गर्नु पर्नेछ।

१२. सदस्य संस्थाले सुरक्षण योजना बमोजिम चल, अचल सम्पत्ति वा परियोजनासँग सम्बन्धित भौतिक सम्पत्तिको सम्भावित नोक्सानी विरुद्ध बीमा गर्दा गराउदाँ कोषको सुरक्षणहित कायम हुने गरी बीमा गर्नु/गराउनु पर्नेछ र सोको नवीकरण सुनिश्चित गर्नु पर्नेछ।

१३. यस सुरक्षण योजनाको अवधि भित्र तोकिएका स्थानीय तहमा लगानी गरिने कृषिसंग सम्बन्धित कर्जाहरुमात्र यस सुरक्षण योजनामा समावेश गरिनेछन्।

१४. सदस्य संस्थाले पूर्ण वा आंशिक धितो लिई वा बिना धितो कर्जा प्रवाह गर्न सक्नेछ। धितो कर्जाको सिमाको हकमा न्यूनतम रु. १० लाख र अधिकतम रु. ३ करोड तथा बिना धितो कर्जाको सिमाको हकमा न्यूनतम रु. २ लाख ५० हजार र अधिकतम रु. १५ लाख हुनेछ । महिला द्वारा प्रवर्तित व्यवसायको हकमा अधिकतम रु. २० लाखसम्म बिना धितो कर्जा प्रवाह गर्न सकिनेछ।

१५. दुई वर्ष सम्म प्रति स्थानीय तह रु. ८ करोड सम्म कर्जा आरक्षण हुने गरी यस योजना अन्तर्गत सुरक्षण हुने अधिकतम कर्जा पोर्टफोलियो रु. ................ हुनेछ। यस योजना अन्तर्गत सदस्य संस्थाको कार्यक्षेत्र ................ .................................................. पालिका हुनेछ । अधिकतम कर्जा पोर्टफोलियो कोष र सदस्य संस्थाको आपसी सहमतिमा परिमार्जन गर्न सकिनेछ।

१६. सदस्य संस्थाले कर्जा प्रवाह गर्दा महिला कृषक, उद्यमी वा महिलाको स्वामित्व वा नेतृत्व रहेको कृषि व्यवसायलाई प्राथमिकता दिनुपर्नेछ।

१७. यो सम्झौता मिति ....................... देखि लागू हुनेछ।

(यस योजना तथा कर्जा सुरक्षणसँग सम्बन्धित प्रचलित कानूनको विपरित नहुने गरी बैंक तथा वित्तीय संस्था एवं सुरक्षण योगदानकर्ताको सहमतिमा आवश्यक थप बुँदाहरु समावेश गर्न सकिनेछ।)

| | |
|---|---|
| **<u>कोषको तर्फबाट</u>** | **<u>................. को तर्फबाट</u>** |
| दस्तखतः .................... | दस्तखतः ..................... |
| नामः ......................... | नामः ........................... |
| दर्जाः ........................ | दर्जाः .......................... |
| कार्यालयको छापः | कार्यालयको छापः |
| **<u>साक्षी</u>** | **<u>साक्षी</u>** |
| दस्तखतः ........................ | दस्तखतः ..................... |
| नामः ...................... | नामः ........................... |
| दर्जाः ........................ | दर्जाः .......................... |
| ठेगानाः निक्षेप तथा कर्जा सुरक्षण कोष, ................। | ठेगानाः .......................। |

इति संवत् २०..... साल .......... महिनाको ........ गते रोज् ......... शुभम्।

## अनुसूची - ५
### (दफा ७ को उपदफा (१) सँग सम्बन्धित)
<u>कर्जा सुरक्षणलेख प्राप्त गर्नको लागि दिने निवेदनको ढाँचा</u>

पत्र सङ्ख्याः-                                                                                              मितिः

श्री प्रमुख कार्यकारी अधिकृतज्यू,
निक्षेप तथा कर्जा सुरक्षण कोष,
टंगाल, काठमाडौं

**विषयः <u>कर्जा सुरक्षण लेख प्राप्त गर्ने सम्बन्धमा ।</u>**

यस कोषको ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३ बमोजिम यस बैंक/वित्तीय संस्थाबाट प्रवाह भएको कर्जाको सुरक्षण लेख जारी गरी दिनुहुन देहाय बमोजिमको कागजात तथा विवरण संलग्न गरी यो निवेदन पेश गरेको छु ।

**<u>संलग्न कागजात तथा विवरण</u>**

(क) ऋणीको ग्राहक पहिचान विवरण,
(ख) ऋणीको कर्जा निवेदन तथा व्यवसाय प्रस्ताव,
(ग) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण, दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र (ऋणी प्राकृतिक व्यक्ति भएमा आवश्यक नहुने) र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र,
(घ) चल, अचल सम्पत्ति धितो लिने भए सोको विवरण,
(ङ) कर्जा मूल्याङ्कन प्रतिवेदन (क्रेडिट अप्राइजल रिपोर्ट),
(च) अचल सम्पत्ति धितो लिने भए स्वतन्त्र मुल्याङ्कनकर्ताले पेश गरेको धितो मूल्याङ्कन प्रतिवेदन,
(छ) जोखिम मूल्याङ्कन प्रतिवेदन (क्रेडिट अप्राइजल रिपोर्टमा समावेश नभएमा),
(ज) कर्जा सूचना विवरण (कर्जा सूचना केन्द्रको),
(झ) अन्य कागजात तथा विवरणहरु (स्थलगत भ्रमण प्रतिवेदन, वातावरणीय/सामाजिक स्क्रिनिङ्ग, लगायतका कोषले माग गरेका कागजात)

**<u>सदस्य संस्थाको तर्फबाट अधिकारप्राप्त व्यक्तिकोः-</u>**

दस्तखतः
नाम, थरः
पदः
संस्थाको छाप

## अनुसूची - ६

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

ऋणीगत (एकल) कृषि कर्जा सुरक्षणलेखको ढाँचा

सुरक्षण लेख नं.

………………… (सदस्य संस्थाको नाम) बाट मिति ................ मा ................. व्यवसाय गर्न कर्जा लिएको र तोकिए बमोजिमको सुरक्षण शुल्क भुक्तानी गरेको हुनाले यसमा उल्लिखित सुविधा तथा शर्त बन्देजको अधीनमा रही उल्लिखित जोखिम सकार्ने गरी निक्षेप तथा कर्जा सुरक्षण कोषले यो सुरक्षण लेख जारी गरेको छ ।

**सुरक्षणकर्ताको विवरण**

ऋणीको नामः

बाबु, आमाको नामः

पति वा पत्नीको नामः

बाजेको नामः

फोन नं.

ठेगानाः

बैंक वा वित्तीय संस्थाः

कर्जा प्रवाह भएको मितिः

कर्जा रकमः

सुरक्षण रकमः

सुरक्षण शुल्क दरः

**सुरक्षण लेख तयार गर्नेकोः-**

दस्तखतः

नामः

पदः

कार्यालयको छापः

**सुरक्षण लेख जारी गर्ने अधिकार प्राप्त अधिकारीकोः-**

दस्तखतः

नामः

पदः

# अनुसूची - ७

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

<u>मासिक विवरणको ढाँचा</u>

## आ.व. ........ मासिक विवरण

**सदस्य संस्थाको नामः**

**शाखाः**

| ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजनामा समावेश गरिने कर्जाको विवरण | | | | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | कर्जा नं. | ऋणीको | | | | कर्जाको | | | | | | | सुरक्षण शुल्क | कमसल वर्गमा परी कम्तिमा ३ महिना सम्म नियमित नभई जोखिममा रहेको कर्जा रकम | |
| | | नाम थर | ठेगाना | नागरिकता नं. / दर्ता न. | सम्पर्क नं. | किसिम | प्रयोजन | लगानी मिति | अन्तिम भुक्तानी मिति | स्वीकृत रकम | प्रवाहित रकम | उठन बाँकी साँवा | महल नं. (१३) को १% | | |
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) | (९) | (१०) | (११) | (१२) | (१३) | (१४) | (१५) | (१६) |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

## अनुसूची - ८
## (दफा १३ को उपदफा (२) सँग सम्बन्धित)
<u>भुक्तानी दाबी पत्रको ढाँचा</u>

पत्रसंख्याः                                                                 मितिः.........

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष,
टंगाल, काठमाडौं।

विषयः— **<u>सुरक्षण कर्जाको दाबी वारे ।</u>**

त्यस कोषसँग सम्झौता भए बमोजिम यसैसाथ संलग्न कर्जाको विवरण अनुसार जम्मा कर्जा संख्या ........ रकम रु. ................ (अक्षरेपी ...........................................) को भुक्तानी पाउन देहायका कागजात संलग्न गरी यो निवेदन पेश गरको छु।

(१) यस पत्रसाथ संलग्न विवरणहरु मैले जाने बुझेसम्म सत्य छन् । दाबी गरिएका कर्जाहरुमा यस ...................................को कुनै पनि कर्मचारीको हेलचेत्र्याईं वा बदनियत भएको छैन।

(२) दाबी गरिएका कर्जाहरुको २०..... आषाढ/आश्विन/पौष/चैत्र मसान्तसम्मको सुरक्षण शुल्क वुझाएको प्रमाणित गर्दछौं।

(३) उपरोक्त कर्जाहरु ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण कार्यक्रम योजना, २०८३ को अधिनमा रही सुरक्षण गरिएको हो।

**<u>संलग्न कागजातः</u>**

(क) दाबी कर्जाको विवरण,

(ख) निरीक्षण प्रतिवेदनको प्रतिलिपिहरु,

(ग) कर्जाको हिसावको पूर्ण विवरण (लेजर) को प्रतिलिपि,

(घ) धितो लिलाम बिक्री कारवाही गरेको भए सो सम्बन्धी कागजातका प्रतिलिपि ।

<u>सदस्य संस्थाको तर्फवाट अख्तियार प्राप्त व्यक्तिको,</u>

दस्तखतः

नामः

पदः

ठेगानाः

छापः

## अनुसूची - ९
## (दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

<u>भुक्तानी दाबी कर्जाको विवरण</u>

सदस्य संस्थाको नामः

शाखाको नामः

| क. सं. | कर्जा नं. | ऋणीको नाम, थर | ठेगाना | क्षेत्र/ व्यवसाय | कर्जा स्वीकृत गरिएको | | कर्जा लगानी | | अन्तिम पटक साँवा असुली मिति | कमसल वर्गमा परी ३ महिना सम्म नियमित नभई जोखिममा रहेको साँवा | धितोको विवरण (धितो कर्जा भएमा) | | | असूली कारवाही गरेको मिति | कर्जा असूल उपर हुन नसकेको कारण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | मिति | रकम | मिति | रकम | | | किसिम | मूल्याङ्कन रकम | रोक्का मिति | | |
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) | (९) | (१०) | (११) | (१२) | (१३) | (१४) | (१५) | (१६) |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |